कृष्णनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृष्णनगर कपिलवस्तु (लुम्बिनी प्रदेश नेपाल)

# कृष्णनगर नगरपालिका
## बालबालिका माथि हुने हिंसाका घटनाहरुको अनिवार्य रिपोर्टिङ सम्बन्धि निर्देशिका– २०७९

**पृष्ठभुमिः**

बालबालिकाको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा नेपालले विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई अनुमोदन गर्नुका साथै राष्ट्रिय स्तरमा विभिन्न नीति तथा कानूनहरू तर्जुमा गरी सम्बोधन गर्ने प्रयास गरे अनुरूप स्थानीय तहको सरकारले पनि समाजमा बालबालिका विरूद्ध लक्षित विभिन्न प्रकारका दूर्व्यवहार, शोषण, हिंसा, भेदभाव, उपेक्षाका घटनाहरू निर्मूल पार्न नीति रणनीतिहरू तर्जुमा गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्न जरूरी छ । यसै सन्दर्भमा संघीय संरचना अन्तर्गत कृष्णनगर नगरपालिकाले आफ्नो क्षेत्रमा दिगो रूपमा बाल संरक्षण प्रणालीको विकास तथा सुदृढीकरण गरी बालमैत्री नगरपालिका बनाउन र बालबालिका माथि हुने हिंसा निवारण गरी हिंसा मुक्त नगरपालिका बनाउन प्रतिबध्द छ । यस नगरपालिकाले बालबालिका विरूध्दका दूर्व्यवहार, शोषण, हिंसा, भेदभाव; उपेक्षाका घटनाहरूप्रति शून्य सहनशीलता राखी सम्बोधन गर्नुपर्ने आवश्यकता महशुस गरी नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही बालबालिका माथि हुने हिंसाका घटनाहरुको अनिवार्य रिपोर्टिङ सम्बन्धिनिर्देशिका २०७९ बनाई लागू गरेकोछ ।

**वर्तमान सन्दर्भः**

कृष्णनगर नगरपालिका क्षेत्रका विभिन्न समुदायमा बाल श्रम, उमेर नपुग्दै गरिने विवाह, बाल विवाह, दाइजो, जन्मदर्ता, नागरिकताको प्रमाणपत्र, आदी समस्याहरू जल्दोबल्दो रूपमा रहेको छ ।लागू औषध दूर्व्यसनी बालबालिका, मगन्ते बालबालिका, फिरन्ते परिवारका बालबालिकाको समस्या पनि धेरै मात्रामा रहेको पाइन्छ । दाइजो प्रथाका कारण सानैमा विवाह हुने समस्या नगरपालिकाका विभिन्न समुदायमा कायमै छ । साथै समयमै बालबालिकाको जन्मदर्ता नहुने, बाल कुपोषण, विद्यालय छाड्ने बालबालिका, संरक्षकत्ववाट वंचित बालबालिका, पनि समस्याको रूपमा रहेकोछ । परिवार, समुदाय र विद्यालयमा बालबालिका माथि गरिने गाली गलौज र कुटपिटको नियन्त्रण हुन सकेको छैन । पारिवारीक बिखण्डनका कारणले अलपत्रमा परेका बालबालिकाहरु समेत हिंसामा पर्ने गरेकाछन् । कानूनी रुपमा बालबालिका उपर हुने हिंसा दण्डनिय भएता पनि यस्ता घटनाहरुलाई सामान्य रुपमा लिने गरेको, सामाजिक रुपमा स्वीकार गरिएको कारणले बालबालिका उपर हुने हिंसाका गम्भिर प्रकृतिका घटनाहरु बाहेक अन्य घटनाहरुको रिपोर्टिङ्ग खासै नहुने प्रचलन यथावतनै रहेको सर्वविदितै छ । कुनैपनि बालबालिका उपर हुने हिंसा रोकथाम गर्न तथा हिंसा प्रभावित बालबालिकाहरुलाई यथाशिघ्र आवश्यक उपचार प्रदान गर्न यो निर्देशिकाको आवश्यकेता महसुस गरिएको छ ।

**निर्देशिकाको आवश्यकताः**

बालबालिकाको संरक्षण गर्नु सबैको साझा दायित्व हो । बालबालिकाको संरक्षण सम्बन्धी कुनै सवाल उत्पन्न भएमा सबै बालबालिका आफैले त्यस्तो सवाल सम्बन्धित अधिकारी समक्ष पुर्याउन नसक्ने हुनाले अन्य ब्यक्तिको सहयोग आवश्यक पर्दछ ।

०७९।१२।१६

रजत प्रताप शाह
नगर प्रमुख

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७८ मा व्यवस्था भए अनुसार बाबु, आमा, संरक्षक तथा बालबालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता, शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै बालबालिकाउपर हिंसा वा बाल यौन दुर्व्यवहार भएको, भईरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा सुचना दिनु पर्नेछ ।

यस निर्देशिकामा भएका जानकारीहरु स्वास्थ्यकर्मी, शिक्षक तथा बालबालिकलाई प्रत्यक्ष सेवा दिने सेवाप्रदायकको लागि लक्षित गरिएको छ ।

नेपालले संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धि, १९८९ लाई २०४७ साल भाद्र २९ गतेका दिन अनुमोदन गरेको थियो । सो महासन्धिको धारा ३९ मा राज्यपक्षहरूले कुनै प्रकारको उपेक्षा, शोषण अथवा दुव्यवहार, यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय र होच्याउने किसिमको व्यवहार वा सजाय वा सशस्त्र द्वन्द्वको सिकार बनेका बालबालिकाको शारीरिक वा मनोवैज्ञानिक पुनरलाभ र सामाजिक पुनस्थापनालाई सम्बोधन गर्न सबै उपयुक्त कदमहरू चाल्नु पर्ने भनी उल्लेख गरिएको छ । अतः उक्त महासन्धिले सरकार र राज्यपक्षलाई बाल संरक्षणका सवालमा महत्वपूर्ण जिम्मेवारी सुम्पेको हुंदा संरक्षणका सवालहरूको दृष्टिकोणले उच्च जोखिममा रहेका बालबालिकाहरूको संरक्षणका लागि नीति कानूनहरू प्रतिपादन गरी प्रबन्ध मिलाउनु सबै तहका सरकारको दायित्व हुन आउँछ ।

नेपालको संविधानमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने; प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने; प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने; कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल बिबाह, गैरकानूनी ओसारपसार अपहरण गर्न वा बन्धक राख्न नपाइने, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दूव्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण वा अनुचित प्रयोग गर्न नपाइने; घर, विद्यालय वा अन्य जनुसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने र कोही कसैले ती निषेधित काम गरेमा दण्ड सजायको भागी हुने कुरा उल्लेख गरिएको छ । साथै संविधानले प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने र असहाय, अनाथ, अपाङ्गता भएका द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने भनी व्यवस्था गरेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको बाँच्न पाउने अधिकार, पहिचानको अधिकार, भेदभाव विरूद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिब्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, गोपनीयताको अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद तथा मनोरञ्जनको अधिकार, शिक्षाको अधिकार, अपाङ्गता भएका बालबाबालिकाको विशेष अधिकार लगायतका व्यवस्था गरेको छ । साथै सो ऐनले बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिई उनीहरूको पालनपोषण, हेरचाह र संरक्षणमा परिवार वा संरक्षक, राज्य र संचार क्षेत्रको दायित्व समेत सिर्जना गरेको छ ।

यस्तै सन्दर्भमा बालबालिका माथि हुने हिंसालाई कम गर्न बालबालिका माथि हुने हिंसाका घटनाहरुको अनिवार्य रिपोर्टिङ सम्बन्धि व्यवस्थालाई प्रभावकारी बनाउन यस कृष्णनगर नगरपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

१) यो निर्देशिकाको नाम "बालबालिका माथि हुने हिंसाका घटनाहरुको अनिवार्य रिपोर्टिङ सम्बन्धि निर्देशिका, २०७८" हुनेछ ।

२) यो निर्देशिका कृष्णनगर नगरपालिकाको नगरसभाबाट पारित भएको दिन देखि लागू हुनेछ ।

रंजित प्रतीक शाह
नगर प्रमुख

CamScanner

३) यो निर्देशिका नगरसभाबाट पारित भएपछि कृष्णनगर नगरपालिका, नगर कार्यपालिकाका सबै निर्वाचित पदाधिकारीहरू, नगरसभाका सदस्यहरू, वडाका सबै सदस्यहरू, नगरपालिकाका सबै कर्मचारीहरू, नगरपालिका अन्तर्गतका सबै सरकारी निकायका पदाधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सामाजिक कार्यकर्ताहरू, स्वयम सेवकहरू, विद्यालय परिवार, महिला, किशोरी, युवा तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था, समूह तथा क्लबहरू र नगरपालिकासंग सम्बद्ध सबै सामाजिक संघसंस्था एवं प्रतिष्ठानहरुमा र यस नगरपालिका मातहतका सबै समुदाय र बिद्यालयहरुमा मान्य हुनेछ ।

४) कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा वा गराएमा बालबालिका बिरुध्दको हिंसा गरेको मानि त्यस्ता हिंसाका घटनाहरुको अनिवार्य रिपोर्टिङ गर्नु पर्नेछ ।

क) कसैले बालबालिकालाई धूम्रपान, मद्यपान वा जुवा तास जस्ता कुलतमा संलग्न गराउन पाइने छैन ।

ख) बालिगहरुका लागि खोलिएका डान्स बार क्यासिनो जस्ता मनोरञ्जन स्थलमा कसैले बालबालिकालाई प्रवेश वा प्रयोग गर्न पाउनेछैन ।

ग) बालिगहरुका लागि भनी तोकिएको चलचित्र अन्य श्रव्य दृष्य जस्ता सामग्री बालबालिकालाई देखाउन पाइदैन ।

घ) कसैले पनि बालबालिकालाई घर, बिद्यालय वा जुनसुकै स्थानमा शारीरिक, मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्न पाउने छैन ।

ङ) कसैले विद्युतीय वा अन्य माध्यमको प्रयोग गरी कुनै बालबालिकालाई सताउने, कष्ट दिने, आतंकित पार्ने, तिरस्कार गर्ने, उपेक्षा, भेदभाव, बहिष्कार र घृणा गर्ने जस्ता कुनै कार्य गर्न पाउनेछैन ।

च) कुनैपनि बालबालिकालाई गैरकानूनी थुना, कारावास, क्रुर अमानवीय व्यवहार गर्न, यातना दिन, नजरबन्द गर्न वा नेल हतकडी लगाउन पाउनेछैन ।

छ) बालबालिकालाई जबरजस्ती अनाथ घोषणा गर्ने वा सन्यासी फकीर बनाई भिक्षा माग्ने काममा लगाउन पाउनेछैन ।

ज) कसैले साँस्कृतिक, परम्परा, रितिरिवाजको नाममा बालबालिका माथि कुनै प्रकारको हिंसा विभेद बहिष्कार वा उपहासको पात्र बनाउने कार्य गर्न पाउने छैन ।

झ) जादु, सर्कस वा औषधी परीक्षणको लागि बालबालिकाको प्रयोग गर्न पाउने छैन ।

ञ) कसैले बालबालिकाको विवाह तय गर्ने वा बालबालिकाको विवाह गर्न गराउन पाउने छैन ।

ट) कानून बमोजिम बाहेककुनैपनि बालबालिकाको अंग झिक्ने, बाल गृहमा राख्ने वा बालबालिकालाई कसुरजन्य कार्य गर्न सिकाउने वा त्यस्तो कार्यमा लगाउन पाउने छैन ।

ठ) कसैले कुनै पनि बालबालिकालाई वेश्यावृति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने तथा बाल यौन दुरुपयोग गर्ने वा त्यस्तो काम बालबालिकासंग गराउन पाउने छैन ।

५) यस नगरपालिका व्दारा नगरपालिका क्षेत्रका सबै सरकारी गैरसरकारी निकाय, बिद्यालय र समुदाय, परिवारलाई यो निर्देशिकाको परिपालना गर्न प्रतिबध्द गराइनेछ र समुदाय, घरपरिवारलाई जनचेतना मार्फत जानकारी गराइनेछ ।

६) नगरपालिका क्षेत्रमा निर्माण हुने सरकारी, सार्वजनिक एवं सामुदायिक पूर्वाधारहरूलाई बालबालिका मैत्री र हिंसा मुक्त बनाउन सरोकारवाला सरकारी निकाय तथा सरकारी/सार्वजनिक विद्यालय, संघसंस्था, विकास साझेदारहरूहरू बीच समन्वय र सहकार्य गरिनेछ ।

७) कसैले कुनै बालबालिका उपर हिंसा वा बाल यौनदुर्व्यवहार भएको वा भईरहेको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरन्त नजिकको प्रहरी कार्यालयमा सुचना दिनु पर्नेछ ।

८) यस नगरपालिकाको क्षेत्रभित्रका विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरुले बालबालिका बिरुध्दको हिंसा वा बाल यौन दुर्व्यवहारको

नगर प्रमुख

CamScanner

रोकथाम गर्न बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ।

९) यस निर्देशिकाको प्रतिवद्धता सहित पालना भए नभएको बारे नगरपालिकाद्वारा अनुगमन गर्ने पद्धतिको विकास समेत गरिनेछ।

**१०) के भएमा बालबालिका उपर हिंसा भएको मानिन्छः**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६को उपदफा (२) मा बालबालिका विरुद्ध हिंसा अन्तर्गत पर्ने निम्न कार्यहरू उल्लेख गरिएकोछ।

(क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्सबार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृश्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोटपटक वा असर पुर्‍याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा, हडताल, बन्द, चक्का जाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैर कानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रूरअमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा संन्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेलाँ वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादु वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाहतय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने।

**११) के भएमा बालयौन दुर्व्यवहार भएको मानिन्छः**

बालबालिका सम्बन्धी ऐन, २०७५को दफा६६ को उपदफा (३) मा बाल यौन दुर्व्यवहार अन्तर्गत पर्ने निम्न कार्यहरू उल्लेख गरिएको छ।

(क) अश्लीलचित्र,श्रव्य दृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लिलता प्रदर्शन गर्ने वा गराउने,

रजत प्रताप शाह
नगर प्रमुख
०८३/११/१६

CamScanner

रोकथाम गर्न बालबालिकाको संरक्षण सुनिश्चित गर्ने र उजुरीको तत्काल कारबाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ।

९) यस निर्देशिकाको प्रतिवद्धता सहित पालना भए नभएको बारे नगरपालिकाद्वारा अनुगमन गर्ने पद्धतिको विकास समेत गरिनेछ।

**१०) के भएमा बालबालिका उपर हिंसा भएको मानिन्छः**

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६६को उपदफा (२) मा बालबालिका विरुद्ध हिंसा अन्तर्गत पर्ने निम्न कार्यहरू उल्लेख गरिएकोछ।

(क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरूका लागि खोलिएका डान्सबार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरूका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृश्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोटपटक वा असर पुर्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनीतिक प्रयोजनका लागि सङ्गठित गर्ने वा, हडताल, बन्द, चक्का जाम धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैर कानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रूरअमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा संन्यासी, भिक्षु, फकिर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रूपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेलाँ वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादु वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) बालबालिकाको विवाहतय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत बालबालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि बालबालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक बाल गृहमा राख्ने।

**११) के भएमा बालयौन दुर्व्यवहार भएको मानिन्छः**

बालबालिका सम्बन्धी ऐन, २०७५को दफा६६ को उपदफा (३) मा बाल यौन दुर्व्यवहार अन्तर्गत पर्ने निम्न कार्यहरू उल्लेख गरिएको छ।

(क) अश्लीलचित्र, श्रव्य दृश्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लिलता प्रदर्शन गर्ने वा गराउने,

प्रमाणित

नगर प्रमुख

CS CamScanner

(ख) बालबालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्य दृश्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौन जन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौन जन्य मनसायले शरीरको संवेदनशील अङ्गमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरू कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्यअङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजनाउत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) बालयौन शोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने,

वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने।

**१२) बालबालिका उपर हिंसा वा यौन दुर्वयवहार भएको कसरी थाहा हुन सक्छः**

१. बालबालिका आफैंले व्यक्त गरेमा,

२. अन्य कुनै व्यक्ति (साथी, छिमेकी, परिवारको सदस्य, आफन्त, दाजुभाइ वा दिदीबहिनी, आदि) ले जानकारी दिएमा,

३. बालबालिकाको व्यवहार वा चोटपटकको आधारमा हिंसा वा यौन दुर्व्यवहार भएको शङ्का लागेमा,

४. बालबालिकाको उमेर र विकासको सामान्य चरणको प्रतिकूल हुने किसिमको जानकारी वा रुचि भएको देखिएमा,

५. अन्य विशेष अवस्था देखिएमा।

**१३) स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक निकायहरुले अनिवार्य रिपोर्टिङ् सम्बन्धि विशेष प्रावधानः**

क) स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक निकायहरुले सेवा प्रवाह गर्दाका बखत देखेका वा थाह पाएका बालबालिका उपर हुने हिंसाका सम्पूर्ण घटनाहरुको अनिवार्य रुपमा नजिकको प्रहरी कार्यालय वा वडा कार्यालय वा वडा स्तरिय बाल अधिकार समिति वा नगर बाल अधिकार समिति वा स्थानियं न्यायिक समितिमा यथाशिघ्र अनिवार्य रिपोर्टिङ् गर्नु पर्नेछ।

ख) स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक निकायहरुले रिपोर्टिङ् मार्फत प्राप्त भएका सम्पूर्ण घटनाहरुको घटना प्राप्त गर्ने नजिकको प्रहरि कार्यालय वा वडा कार्यालय वा वडा स्तरिय बाल अधिकार समिति वा नगर बाल अधिकार समिति वा स्थानिय न्यायिक समितिले यथाशिघ्र कार्यवाही गरि किनारा लगाउने वा अन्य निकायमा प्रेषण गर्ने लगायतका कार्य गरी पिडित-प्रभावितको कानूनमा पहुँच एवं कानूनी उपचारको हक सुनिश्चित गर्नु पर्नेछ।

ग) स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक निकायहरुले बालबालिका उपर हुने हिंसाका सम्पूर्ण घटनाहरुको अनिवार्य रिपोर्टिङ् हुने कुराको आ-आफ्नो कार्यक्षेत्र भित्र सचेतना फैलाई हिंसा न्युनिकरण गर्ने कार्यको यथाशिघ्र थालनी गर्नेछन्।

घ) स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक निकायहरुले बालबालिका उपर हुने हिंसाका सम्पूर्ण घटनाहरुको मासिक रुपमा आफ्नो बिद्यालय वा स्वास्थ्य संस्थामा घटना भए-नभएको वा देखे-नदेखेको विषयमा

नगर प्रमुख

CamScanner